सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २०० ♦ २०८२ साल चैत्र १३ शुक्रवार ♦ 27 March 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## इन्धन मूल्यवृद्धिको मारमा किसान : महोत्तरीका किसान परम्परागत खेतीतर्फ फर्कँदै





**अजय साह र धर्वेन्द्र यादव**

**चैत्र १२ गते, बर्दिवास**

लगातार बढ्दै गएको इन्धनको मूल्यले तराई मधेसका किसानको दैनिक जीवन मात्र होइन, खेतीपातीको शैलीसमेत परिवर्तन गर्न थालेको छ। पछिल्लो पटक पेट्रोलियम पदार्थमा भएको भारी मूल्यवृद्धिपछि किसानहरू आधुनिक कृषि उपकरणबाट टाढिँदै परम्परागत प्रणालीतर्फ फर्किन बाध्य देखिएका छन्।

महोत्तरीको औरही नगर पालिका-५ श्रीपुरमा अहिले चैतको चर्को घामबीच किसानहरू गोरु जोतेर खेत तयार पारिरहेका दृश्य फेरि सामान्य बन्न थालेका छन्। केही वर्षअघिसम्म ट्र्याक्टरको आवाजले गुन्जायमान हुने खेतहरू अहिले फेरि हलो र गोरुको भरमा जोतिन थालेका छन्।

औरही नगरपालिका-५ का किसान जगदीश यादवका अनुसार इन्धनको मूल्य अत्यधिक बढेपछि ट्र्याक्टर प्रयोग गर्नु निकै महँगो भएको छ। "ट्र्याक्टर ल्याउँदा खर्च धेरै हुन्छ, अनि समयमा पनि पाइँदैन," उहाँ भन्नुहुन्छ, "आफ्नै गोरु हुँदा चाहेको बेला खेत जोत्न पाइन्छ, त्यसैले फेरि पुरानै तरिकातिर फर्किनुपरेको छ।"

यादवको चार बिघा जमिनमध्ये दुई बिघामा उखु खेती हुन्छ भने बाँकी जमिन पनि क्रमशः गोरुको सहारामा जोतिँदै आएको छ। ६ सदस्यीय परिवारको जीविकोपार्जन कृषि पेशामै निर्भर छ। वार्षिक करिब १० लाख रुपैयाँ

बाँकी पृष्ठ ३ मा

## नवनिर्वाचित प्रतिनिधिसभा सदस्यले लिए पद तथा गोपनियताको सपथ



**खबर दर्पण समाचारदाता**

**चैत्र १२ गते, बर्दिवास**

नवनिर्वाचित प्रतिनिधिसभा सदस्यले पद तथा गोपनियताको सपथ लिएका छन् ।

बिहीबार सिंहदरबारस्थीत नयाँ संसद भवनको बहुउद्देश्यीय हलमा प्रतिनिधिसभाका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरुलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको हो ।

सङ्घीय संसद् सचिवालयका अनुसार ४७ जनाले नेपालीबाहेक भाषामा शपथ लिएका छन् । नेपालको संविधानको धारा ९९ र ९१ को उपधारा ५ तथा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७५ बमोजिम पद तथा गोपनीयताको शपथ लिने व्यवस्था छ ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले १८२, नेपाली कांग्रेसले ३८, नेकपा -एमाले)ले २५, नेपाली कम्युनिस्ट पार्टीले १७, श्रम संस्कृति पार्टीले सात र राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच सिट प्राप्त गरेका छन् ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

श्री त्रिभुवन नमुना माध्यमिक विद्यालय

गौशाला, महोतरीको

शैक्षिक सत्र २०८३का लागि Diploma in Civil Engineering (9-12)

संकाय आध्ययन गर्ने ईच्छुक छात्र-छात्रहरूलाई फारम भर्नाको लागि आहवान गरिन्छ ।

हाम्रो विशेषताहरू

१. अनुशासित वातावरणमा दक्ष शिक्षक/प्रशिक्षकद्वारा अध्यापन गराईने ।
२. सुविधा सम्पन्न प्रयोगशालाको छुट्टा छुट्टै विषयको व्यवस्था भएको ।
३. प्रत्येक कक्षामा र विद्यालयको हरेक ठाउँमा CC TV क्यामराको निगरानीमा अध्यापन साथै विद्यार्थीको रेखदेख निगरानी गरिने ।
४. Civil Engineering मा अध्ययन छात्र/छात्राहरूका लागि परीक्षण सम्बन्धी प्रयोगशालाको व्यवस्था ।
५. प्रत्येक कक्षामा वर्ग विभाजनको (Section) व्यवस्था।
६. स्मार्ट वोर्डको प्रयोग गरि अध्यापन गराईने ।

हाम्रो कार्यक्रम

१. फारम वितरण २०८२-१२-२० गतेदेखि २०८३-०१-०४ सम्म ।
२. Orientation Class २०८३-०१-०२ गतेदेखी ०५ गते सम्म
३. प्रवेश परीक्षा २०८३-०१-०६ गते ।
४. भर्ना सुरू २०८३-०१-०७ गतेबाट
५. कक्षा संचालन २०८३-०१-१३ गतेबाट..............
६. सम्पर्क स्थान: श्री त्रि.न.मा.वि. को कार्यालय
७. समय विहान ७:०० बजेदेखि ११:०० बजे सम्म ।
८. फारम र प्रवेश परीक्षा दस्तुर रु १००/- ।





भवदिय: श्री त्रिभूवन नमूना माध्यमिक वि. परिवार
गौशाला-५, महोतरी

प्र.अ. विनोद महतो
Mo. 9814800989
Co-ordinator:-
Er. Pappu Kr. Roushan
Mo:-9801674850

# एसईईमा मधेशका विद्यार्थी घटे, यस वर्ष ८७ हजार मात्रै सहभागी हुने

खबर दर्पण समाचारदाता

**चैत्र १२ गते, बर्दिवास**

चैत १९ गतेदेखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसईई) मा यस वर्ष मधेश प्रदेशबाट ८७ हजार ५ सय ९१ जना विद्यार्थी सहभागी हुने भएका छन् ।



शिक्षा विकास निर्देशनालयका अनुसार यो संख्या गत वर्षको तुलनामा केही घटेको हो । अघिल्लो वर्ष ८८ हजार ८५८ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए ।

परीक्षालाई व्यवस्थित, मर्यादित र प्रभावकारी बनाउन प्रदेशभर २ सय ९९ वटा परीक्षा केन्द्र तोकिएको छ । ती केन्द्रहरूमा १ हजार ३ सय १६ विद्यालयका विद्यार्थी सहभागी हुनेछन् ।

परीक्षा सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापन पनि गरिएको छ । निर्देशनालयका अनुसार २ सय ९९ केन्द्राध्यक्ष, ४ सय ३३ सहायक केन्द्राध्यक्ष, ४ हजार २ सय ३५ निरीक्षक, ७ सय ३४ परीक्षा सहायक तथा १ हजार ६०३ कार्यालय सहयोगी परिचालन गरिनेछ ।

सुरक्षा व्यवस्थालाई सुदृढ बनाउन ४ हजार ४ सय ८५ जना सुरक्षाकर्मी खटाइने तयारी गरिएको छ ।

यसैबीच, मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केन्द्रलगायतका निकायको समन्वयमा प्रदेशस्तरीय अनुगमन टोली समेत गठन गरिएको छ ।

शिक्षा निर्देशक महेन्द्र महतोका अनुसार अनुगमन र समन्वयलाई प्रभावकारी बनाउँदै परीक्षा निष्पक्ष र व्यवस्थित रूपमा सम्पन्न गरिने लक्ष्य राखिएको छ ।

# सामाजिक चेतना मूल आधार



**सङ्क्षिप्त चिनारी**

नाम : गौरीकुमारी यादव
जन्मस्थान : सम्सी गाउँपालिका-५, सङ्ग्रामपुर पोखरभिन्डा महोत्तरी
उमेर : ५४ वर्ष
निर्वाचन क्षेत्र : महोत्तरी-४
पेसा : सामाजिक अभियन्ता
शिक्षा : आइएस्सी
राजनीतिक दल : राष्ट्रिय स्वतन्त्र पार्टी
प्राप्त मत : ३० हजार १३२

खबर दर्पण समाचारदाता

**चैत्र १२ गते, बर्दिवास**

महोत्तरीको निर्वाचन क्षेत्र नं. ४ बाट प्रतिनिधि सभा सदस्य निर्वाचनमा निर्वाचित भएपछि गौरीकुमारी यादव चर्चामा आउनुभएको छ ।

उहाँले यस क्षेत्रबाट उम्मेदवार बनेका तीन पूर्वमन्त्रीलाई पराजित गर्दै विजयी बन्नुभएको हो । नेपाली कांग्रेसका महेन्द्रकुमार राय, जनता समाजवादी पार्टी (जसपा) नेपालका सुरेन्द्रकुमार यादव र नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का भरतप्रसाद साहलाई पराजित गर्नुभएको हो ।

उहाँ ३० हजार १३२ मतसहित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट महोत्तरी निर्वाचन क्षेत्र नम्बर ४ बाट विजयी भएर सङ्घीय संसद् प्रवेश गर्दै हुनुहुन्छ । उहाँका निकटतम प्रतिद्वन्द्वी जनता समाजवादी पार्टी (जसपा) नेपालका उम्मेदवार सुरेन्द्रकुमार यादवले आठ हजार ७४२ मत प्राप्त गर्नुभयो । महोत्तरीको सम्सी गाउँपालिका-५, सङ्ग्रामपुर पोखरभिन्डामा उहाँको जन्म भएको हो ।

उहाँले कक्षा ७ सम्म गाउँकै विद्यालयमा अध्ययन गरी कक्षा ८ देखि १० (म्याट्रिक) सम्म भारतको विहार राज्यको सुरसन्ड गोरहारी कन्या विद्यालय र सीतामाढी डुमरा महिला कलेजबाट आइएस्सीसम्म अध्ययन गर्नुभएको छ ।

आइएस्सी पढ्दापढ्दै विवाह भएको केही समयमै श्रीमान् शिवजी यादवले पिएचडी गर्न रुस गएपछि उहाँ पनि सँगै जानुभयो । सन् १९९१ देखि २००० सम्म रुसमै बसेर नेपाल फर्किनुभएको हो । उहाँका श्रीमान् जसपाबाट समानुपातिक सांसद भइसक्नुभएको छ । यादवको राजनीतिक यात्रा भने राष्ट्रिय स्वतन्त्र पार्टीसँग जोडिएको छ ।

वैकल्पिक राजनीति र पारदर्शिताको नारासहित आफू राष्ट्रिय स्वतन्त्र पार्टीसँग आबद्ध भएपछि श्रीमान् पनि यही पार्टीमा आबद्ध भएर साथ दिएको उहाँको भनाइ छ । बालेन्द्र (बालेन) साहसँग विशेष प्रभावित भई राजनीतिमा लागेकी यादव जनताले बालेनलाई देशको प्रधानमन्त्री बनाउन लिएको सङ्कल्पबमोजिम यस पटक मतदान गरी रास्वपालाई दुई तिहाइनजिक पुऱ्याएको बताउनुभयो ।

उहाँले ३०/३५ वर्षदेखि देशमा देखिएको राजनीतिक अस्थिरताका कारण जनता आजित भएर शान्ति र विकासको अनुभूति गर्न नपाएकाले परिवर्तनका पक्षमा मतदान गर्दै रास्वपालाई देशकै ठुलो दल बनाएर निर्वाचित गराएको बताउनुभयो ।

अब बन्ने बालेन सरकारले जनताले चाहेको जस्तो परिवर्तन महसुस हुने गरी जनताको पक्षमा काम गर्ने र जनतासँग गरेको प्रतिबद्धता पूरा गर्ने उहाँको विश्वास छ । आफू आफ्नो क्षेत्रको सामाजिक संरचना, भौगोलिक अवस्था र जनजीवनसँग नजिकबाट परिचित भएको बताउँदै उहाँले स्थानीय समस्या बुझ्ने र समाधान खोज्ने नेतृत्वका रूपमा प्रयास गर्ने बताउनुभयो ।

नवनिर्वाचित सांसद यादवले शिक्षा र सामाजिक चेतनालाई मूल आधार बनाउँदै महिला सशक्तीकरण, सुशासन र सामाजिक सुधारका मुद्दालाई निरन्तर उठाउँदै नीतिगत तहमा कार्यान्वयन गराउन आफ्नो भूमिका रहने बताउनुभयो । उहाँले यस क्षेत्रमा शिक्षा, स्वास्थ्य र रोजगारीमा प्रत्यक्ष अनुभूति हुने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।-गोरखापत्र

# रामनवमीमा शोभायात्रा रोक्न प्रशासनको निर्णय, संघसंस्थाको असहमति

खबर दर्पण समाचारदाता

**चैत्र १२ गते, बर्दिवास**

जिल्ला प्रशासन कार्यालय धनुषाले रामनवमीको अवसरमा आयोजना गरिने शोभायात्रा, बाइक ऱ्याली तथा सार्वजनिक प्रदर्शन नगर्न निर्देशन दिएपछि धार्मिक तथा सामाजिक संघसंस्थाहरूले त्यसप्रति आपत्ति जनाएका छन् ।

जिल्ला प्रशासन कार्यालय धनुषाद्वारा जारी पत्रअनुसार जिल्ला सुरक्षा समितिको बैठकले हालको अवस्थालाई मध्यनजर गर्दै कुनै पनि संघसंस्था वा निकायलाई सभा, जुलुस, ऱ्याली र प्रदर्शन गर्न अनुमति दिन उपयुक्त नहुने निष्कर्ष निकालेको हो ।

सोही निर्णयका आधारमा प्रशासनले चैत १३ गते पर्ने रामनवमीका दिन शोभायात्रा तथा बाइक ऱ्याली जस्ता कार्यक्रम नगर्न/नगराउन निर्देशन दिएको जनाएको छ ।

यता, राष्ट्रिय एकता दल धनुषाले प्रशासनको उक्त निर्णयप्रति आपत्ति जनाउँदै अस्वीकार गर्ने घोषणा गरेको छ । दलका प्रदेश इन्चार्ज मनिष पुर्वेले जारी गरेको प्रेस विज्ञप्तिमा नेपालको संविधानले दिएको धार्मिक स्वतन्त्रताको अधिकारमाथि हस्तक्षेप भएको भन्दै यस्तो निर्णय असंवैधानिक र पक्षपातपूर्ण भएको उल्लेख गरिएको छ ।

विज्ञप्तिमा रामनवमीको शोभायात्रा तथा धार्मिक कार्यक्रमहरू शान्तिपूर्ण रूपमा आयोजना गरिने स्पष्ट पार्दै प्रशासनको निर्णयले धार्मिक अधिकार खोस्न नसक्ने चेतावनी दिइएको छ । साथै, कार्यक्रम सञ्चालनमा अवरोध भए त्यसको सम्पूर्ण जिम्मेवारी प्रशासनले लिनुपर्ने उल्लेख गरिएको छ ।

यसअघि राष्ट्रिय एकता दलले जनकपुरधाम-२३ बिन्धीबाट सुरु हुने शोभायात्रा नगर परिक्रमा गर्दै जानकी मन्दिर परिसरमा समापन गर्ने कार्यक्रमका लागि प्रशासनसँग सुरक्षा व्यवस्था मिलाइदिन अनुरोध गरेको थियो ।

त्यस्तै, हिन्दू सम्राट नेपाल धनुषा जिल्ला कार्य समितिले पनि छुट्टै निवेदनमार्फत लक्ष्मीनिया क्षेत्रबाट सुरु हुने शोभायात्राका लागि अनुमति र सुरक्षा व्यवस्थापन माग गरेको थियो । उक्त संगठनले विभिन्न स्थान हुँदै जानकी मन्दिरसम्म पुग्ने रुट तय गरिएको जानकारी गराएको थियो ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# इन्धन मूल्यवृद्धिको मारमा.....

आम्दानी हुने गरे पनि बढ्दो लागतका कारण बचत भने न्यून हुने गरेको उहाँ बताउनुहुन्छ। "आम्दानी जति हुन्छ, खर्च पनि उस्तै हुन्छ," उहाँले गुनासो गर्नुभयो, "मलखाद महँगो छ, बीउ महँगो छ, अब इन्धन पनि महँगो भएपछि किसानलाई बाँच्नै गाह्रो भएको छ।"

स्थानीय अर्का किसान रामउदित महतो पनि यस्तै समस्याबाट गुज्रिरहेका छन्। उहाँका अनुसार ट्र्याक्टरले खेत जोत्न प्रतिघण्टा हजारौँ रुपैयाँ लाग्ने भएकाले साना किसानका लागि त्यो सम्भव छैन। "पहिले ट्र्याक्टर सजिलो लाग्थ्यो, तर अहिले त्यसको खर्च धान्न सकिँदैन," उहाँ भन्नुहुन्छ, "गोरु पाल्न खर्च लागे पनि दीर्घकालमा सस्तो पर्छ।"

सिंचाइको अवस्था पनि त्यत्तिकै चुनौतीपूर्ण बन्दै गएको छ। डिजेलबाट चल्ने पम्पसेट (दमकल) प्रयोग गर्दा लागत ह्वात्तै बढेको किसानहरूको भनाइ छ। "पानी त चाहिन्छ, तर डिजेलको मूल्यले सिंचाइ गर्नै गाह्रो भएको छ," गौशाला नगरपालिका ५ का स्थानीय किसान सीता देवी यादव भन्नुहुन्छ, "बाली जोगाउनै सकस पर्छ।"

किसानहरूका अनुसार उत्पादन लागत बढ्दै जाँदा नाफा घट्दो छ, जसले गर्दा धेरैजसो किसान खेतीप्रति निराश हुन थालेका छन्। "सरकारले किसानका लागि सहयोगको कुरा त गर्छ, तर व्यवहारमा त्यस्तो महसुस हुँदैन," सोनमा गाउँपालिका ३ का किसान धर्मेन्द्र यादव भन्नुहुन्छ, "मल समयमा पाइँदैन, सहुलियत छैन, अनि बजारको पनि ग्यारेन्टी छैन।"

यता गाउँका अन्य किसानहरू पनि विस्तारै गोरु प्रयोगतर्फ आकर्षित हुन थालेका छन्। परम्परागत खेती प्रणाली श्रमसाध्य भए पनि खर्च कम हुने भएकाले अहिलेको परिस्थितिमा विकल्पका रूपमा देखिएको छ।

कृषि विज्ञहरूका अनुसार इन्धन मूल्यवृद्धि, मलखाद अभाव र बजार व्यवस्थापनको कमजोरी जस्ता कारणले किसानहरू दबाबमा परेका छन्। यदि समयमै नीतिगत व्यवस्था नगरिए किसानहरू खेतीबाटै विस्थापित हुने जोखिम बढ्न सक्ने उनीहरूको चिन्ताछ।

महोत्तरीका किसानहरूको यो अवस्था केवल एउटा क्षेत्रको समस्या मात्र नभई देशभरकै कृषिक्षेत्रको संकेत भएको सरोकारवालाहरू बताउँछन्। आधुनिकताबाट परम्परातर्फको यो फर्काइले किसानको पीडा मात्र होइन, नीतिगत कमजोरी पनि उजागर गरेको छ।

# शिक्षामा विशेष ध्यान दिईएको : गाँउपालिका अध्यक्ष यादव

धनवीर महतो
चैत्र १२ गते, गौशाला

सोनमा गाँउपालिकाका अध्यक्ष विशेश्वरप्रसाद यादवले आफुले पालिकालाई शिक्षामैत्री बनाउने प्रयासरत रहेको बताएका छन्। बिहीबार सोनमा गाँउपालिकाको कार्यालयले कार्यालयमा आयोजना गरेको पत्रकार सम्मेलनका विच अध्यक्ष यादवले आफु निर्वाचित भएलगतै अन्य कामभन्दा विशेष प्राथामिकतामा शिक्षालाई राख्दै कार्यनिती बनाएर नै शिक्षा सुधारमा जुटेको जनाईएको छ।

४ बर्षे कार्यअवधिमा मैले पहिलेभन्दा धेरै नै सुधार गरि सकेको दावी गर्दै अध्यक्ष यादवले भने, 'शिक्षाको विकास नै मेरो पहिलो एजेण्डा रहेको छ। यस पालिकालाई विकासको पक्षमा डोरयाउनका लागि शैक्षिकस्तर लाई अगाडि राखिएको छु। सम्भवत: आफनै कार्यकालमा मैले यस पालिकालाई साक्षर बनाउने गरि कार्यक्रम अगाडि बढाएको छु। सवैको साथ र सहयोग पाए निश्चित पनि पालिका तोकिएकै समयमा साक्षर हुनेछ।'



एक अर्को प्रसंगमा यादवले भने, 'शिक्षा सुधारका लागि विगतमा अनेकौ पीडादायी अवस्थालाई पार गर्दै शिक्षामा गुणस्तरीयता ल्याउनेमा पालिका भुमिकामा रहेको उल्लेख गरेका छन्। यसविचमा पालिकास्तरमा शिक्षक सरुवा, दरबन्दी मिलान, विषयगत शिक्षकको बन्दोवस्त आउने वितिकै आफुले पहल गरि निती बनाएको हुँ। त्यस्तै शिक्षा सुधारका लागि हरेक विद्यालयमा व्यवस्थापन समिति गठन गरि पहिलो आयाम थपि यहाँ शिक्षा विकासको भुमिका निर्वाह भएको थियो।'

विगतभन्दा अहिलेको शिक्षास्तर मा धैरै नै सुधार भईसकेको अध्यक्ष यादवले दावी गरेका छन्।

सामाजिक सुरक्षा भत्ता नविकरण समय मै गरौं ।
सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरूले हरेक आर्थिक वर्षको साउन मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा गई परिचयपत्र नविकरण अनिवार्य गर्नुपर्नेछ। नविकरणका लागि नागरिकता, पुरानो परिचयपत्र र बैंक पासबुकको प्रतिलिपि आवश्यक पर्दछ। समयमै नविकरण नगरेमा भत्ता रोक्का हुन सक्नेछ। ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति र दलित बालबालिकाले भत्ता नरोकिने सुनिश्चित गर्न आवश्यक कागजात (नागरिकता, फोटो) सहित अनिवार्य रूपमा प्रक्रिया पूरा गर्नुपर्नेछ।
सामाजिक सुरक्षा भत्ता नविकरणका आवश्यक कागजातहरू:
आवश्यक कागजातहरू : सक्कल नागरिकता, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, र बैंक पासबुक।
आफू बसेको स्थान मै नविकरण गर्न असक्षम भएमा वडा कार्यालयमा खबर गरी घर मै वा प्रतिनिधि मार्फत नविकरणको व्यवस्था मिलाउन सकिनेछ।
ध्यान दिनुहोस् : मृत्यु भइसकेका वा अन्य कारणले भत्ता नपाउनुपर्ने व्यक्तिको हकमा पनि जानकारी गराई लगत कट्टा गराउनुहुन सूचित गरिन्छ।
मटिहानी नगरपालिका, महोत्तरी

मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !
"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"
सवारी साधनमा सीट बेल्ट लगाउनुहोस!
"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"
औरही नगरपालिका, महोत्तरी

सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।
➢आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
➢आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
➢नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
➢आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
➢सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
➢सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
➢जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
➢सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
➢अनियमितता र भ्रष्टाचारबिरुद्ध उजुरी गरौं,
सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।
गौशाला नगरपालिका, महोत्तरी

सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना




सामाजिक सुरक्षा भत्ता भनेको नेपाल सरकारले लक्षित समूहलाई नियमित रूपमा प्रदान गर्ने आर्थिक सहयोग हो, जसले आधारभूत जीवनयापनमा सहयोग पुऱ्याउँछ। सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि सम्बन्धित वडा कार्यालयमा साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र सहित उपस्थित भई तोकिएको समय मै नाम नवीकरण गर्न सूचित गरिन्छ।
लक्ष्मीनिया गाउँपालकिा, धनुषा

Progressive Academy
Bardibas - 1, Mahottari
www.progressivebardibas.com



Learning Beyond Books
School Time:
7AM to 6 PM
A Semi-residential school.
✓ Integration of STEAM & PLE pedagogy
✓ Classrooms with AC and Smart Boards
✓ Focus on Moral Values & Culture
✓ Trained and Dedicated Teachers
✓ Technology Integrated Education
ADMISSIONS OPEN
Pre-School to Grade 8
Give your child an education that develops skills, confidence, and character.
98540-55122 | 044-590422

# सुख्खा मौसमसँगै मधेशमा खानेपानी चुनौती, दीर्घकालीन उपायको खोजी

खबर दर्पण समाचारदाता
**चैत्र १२ गते, बर्दिवास**



सुख्खा मौसम सुरु भएसँगै मधेश प्रदेशमा खानेपानी संकटको सम्भावना बढ्दै गएको भन्दै विज्ञहरूले भूमिगत जल संरक्षण र व्यवस्थापनमा तीनै तहका सरकारबीच समन्वय आवश्यक रहेको बताएका छन् ।

ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय मधेश प्रदेशको आयोजना तथा वाटर एड, युनिसेफलगायत अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको सहकार्यमा जनकपुरधाममा आयोजित १४औं राष्ट्रिय भूमिगत जल सम्मेलनमा सहभागी विज्ञहरूले यस्तो धारणा राखेका हुन् ।

विज्ञहरूका अनुसार मधेशमा करिब ८ अर्ब घनमिटर भूमिगत पानी भए पनि यसको पुनर्भरणमा पर्याप्त ध्यान नदिँदा भविष्यमा संकट गहिरिने जोखिम छ । उनीहरूले वर्षा र नदीको पानी संकलनका लागि चुरे क्षेत्रदेखि नै साना बाँध, पोखरी तथा जलाशय निर्माण गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा बोल्दै ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री जवाहर कुशवाहाले विगत केही वर्षयता सुख्खा याममा देखिँदै आएको खानेपानी समस्या समाधानका लागि अधुरा योजनाहरू समयमै सम्पन्न गर्नुपर्ने बताए ।

उनका अनुसार प्रदेशभर साना-ठूला गरी करिब ४४८ खानेपानी आयोजना अधुरा रहेका छन् । त्यसलाई न्यून लगानीमै सञ्चालनमा ल्याउन सकिने भन्दै स्वामित्वसम्बन्धी विवाद समाधान गर्न आवश्यक रहेको उल्लेख गरे ।

पूर्वमन्त्री तथा वातावरणविद् गणेश साहले मधेशमा आगामी दिनमा पानीको संकट अझ गहिरिन सक्ने चेतावनी दिँदै पोखरी तथा जलाशयलाई 'सौन्दर्यीकरण'का नाममा पक्की बनाउने कार्य रोक्न आग्रह गरे । उनले प्राकृतिक स्वरूप जोगाएर पानी र माटोको सम्बन्ध कायम राख्नुपर्ने बताए ।

त्यसैगरी, नीति तथा योजना आयोग मधेश प्रदेशका उपाध्यक्ष राजकुमार सिंहले १ सयदेखि २ सय फिट गहिराइका चापाकलहरू सुक्दै गए पनि ४५० देखि ६०० फिटमा अझै पानी उपलब्ध रहेको जानकारी दिँदै दीर्घकालीन समाधानका लागि स्रोत संरक्षणमा ध्यान दिनुपर्ने बताए ।

कार्यक्रममा विभिन्न स्थानीय तहका जनप्रतिनिधि, सरकारी अधिकारी तथा जलश्रोत क्षेत्रका विज्ञहरूले भूमिगत पानीको सतह वृद्धि र दिगो उपयोगका लागि संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य अपरिहार्य रहेकोमा जोड दिएका थिए ।

# तीन स्थानीय तहमा लैंगिक समानताका लागि सार्वजनिक सुनुवाई



खबर दर्पण समाचारदाता
**चैत्र १२ गते, जनकपुरधाम**

धनुषाको नगराईन नगरपालिका तथा सिरहाको सिरहा नगरपालिका र नवराजपुर गाउँपालिकामा लैंगिक समानता प्रवर्द्धनका लागि सामाजिक जवाफदेहिता परियोजना अन्तर्गत महत्वपूर्ण सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ।

युरोपियन युनियन र संयुक्त राष्ट्रसंघीय महिला कार्यक्रम (UN Women) को आर्थिक तथा प्राविधिक सहयोगमा नेपाल सरकारको "सशक्त महिला, समृद्ध नेपाल" अभियान अन्तर्गत प्रो पब्लिकको अगुवाइमा निड्स नेपाल धनगढी र सुशासन प्रवर्द्धनका लागि युवा, सुर्खेतको साझेदारीमा कार्यक्रम सञ्चालन गरिएको हो।

तीनवटै स्थानीय तहमा छुट्टाछुट्टै आयोजित कार्यक्रममा २०० भन्दा बढी स्थानीय महिला, दलित तथा जनजाति समुदायका व्यक्तिहरूको सक्रिय सहभागिता रहेको थियो। सहभागीहरूले विकास निर्माण र सार्वजनिक सेवासँग सम्बन्धित विभिन्न विषयमा महत्वपूर्ण प्रश्न उठाएका थिए।

सुनुवाईका क्रममा योजना तर्जुमा प्रक्रियामा महिलाको सहभागिता, महिला, दलित तथा जनजातिजस्ता पछाडि पारिएका वर्गका लागि बजेट विनियोजन, स्वास्थ्य सेवामा कर्मचारी अभाव, सडक बत्ती र सडक निर्माण, मन्दिर निर्माणमा लैंगिक दृष्टिकोण, कृषि उपजको बजार व्यवस्थापन, आयआर्जन तथा सीपमूलक तालिमजस्ता विषय प्रमुख रूपमा उठाइएका थिए।

नगराईन नगरपालिकामा आयोजित कार्यक्रममा उपमेयर राधा देवी यादवले उठेका प्रश्नहरूको जवाफ दिँदै लैंगिक समानता र सामाजिक जवाफदेहिताप्रति नगरपालिका प्रतिबद्ध रहेको बताइन्। उनले सबै वर्ग, क्षेत्र र समुदायका महिलाको सशक्तीकरणका लागि निरन्तर प्रयास भइरहेको उल्लेख गरिन्।

कार्यक्रमको अन्त्यमा उपमेयर यादवसहित वडा अध्यक्ष रामपरी देवी मण्डल, वडा सदस्य रामभरोस यादव र वडा सचिव रामबाबु चौधरीले ६ बुँदे लिखित सार्वजनिक प्रतिबद्धता जनाएका थिए। प्रतिबद्धतामा महिला हिंसा अन्त्य, समावेशी सहभागिता सुनिश्चित गर्ने नीति निर्माण, लैंगिकमैत्री बजेट विनियोजन, लक्षित वर्गको क्षमता अभिवृद्धि, रोजगारी सृजना, तथा पारदर्शी र जवाफदेही सेवा प्रवाह सुनिश्चित गर्ने विषय समावेश छन्।

उक्त कार्यक्रम वडा स्तरीय नागरिक सञ्जाल तथा समुदायका अध्यक्षहरूको अध्यक्षतामा सञ्चालन गरिएको थियो भने सहजीकरण प्रो पब्लिकका मधेश प्रदेश परियोजना संयोजक अजय साहले गरेका थिए।

यस कार्यक्रमले स्थानीय तहमा सेवाग्राहीका अनुभव सुन्ने, संस्थागत जवाफदेहिता बढाउने तथा लैंगिकमैत्री र गुणस्तरीय सार्वजनिक सेवा प्रवाहलाई सुदृढ बनाउने अवसर प्रदान गरेको विश्वास गरिएको छ। साथै, सामाजिक समावेशिता र पारदर्शितालाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,